# सबै विद्यार्थीको आत्म सम्मान ऐन

यदि विद्यालयमा विद्यालयको भूमिमा वा विद्यालयको भूमि बाहिर विद्यालयको कार्यक्रम/ क्रियाकलापको समयमा उत्पीडन, दादागिरी र/अथवा भेदभाव भइ रहेको छ भने NYS कानून बमोजिम दादागिरीबारे रिपोर्ट गर्नको लागि सरोकारवाला व्यक्ति(हरू)को लागि प्रत्येक विद्यालयमा निम्न बमोजिमको नीति र कार्यविधि हुनु पर्छ :

- उत्पीडन, दादागिरी र भेदभावको रिपोर्ट प्राप्त गर्ने एकजना प्रशासनिक पदाधिकारीलाई पहिचान गर्ने (*अर्थात्,* DASA संयोजक);
- विद्यार्थी**,** परिवारका सदस्यहरू, र अन्य लाई विद्यालयको कर्मचारीलाई मौखिक वा लिखित रिपोर्ट दिनमा सक्षम बनाउन र ;
- उत्पीडन, दादागिरी वा भेदभाव भएको देखेको वा रिपोर्ट प्राप्त गरेको एक विद्यालय दिन भित्र विद्यालयको कर्मचारी(*उदाहरणको लागि,* DASA संयोजक)ले एकजना प्रशासक वा तोकिएको कर्मचारीलाई त्यस्तो रिपोर्ट/ सूचना प्राप्त भएको दुई दिन भन्दा ढिलो नहुने गरी फाइल गर्न आवश्यक हुन्छ ;
- प्रशासक वा तोकिएको कर्मचारी ((*उदाहरणको लागि,* DASA संयोजक) ले उत्पीडन, दादागिरी र भेदभाव बारेको सबै रिपोर्टहरूबारे कुनै पनि लिखित रिपोर्ट प्राप्त भएपछि एउटा गहन अनुसन्धान तत्काल पुरा गरिएको र त्यसको अभिलेख राखिएको बारे निश्चित गर्न आवश्यक हुन्छ [DASA घटना रिपोर्ट फारमको भाग II मा];
- उत्पीडन, दादागिरी र/अथवा भेदभाव पूर्ण व्यवहार भएको प्रमाणीकरण भएमा विद्यालयले तत्काल उत्पीडन, दादागिरी र भेदभाव पूर्ण व्यवहारलाई समाप्त गर्नको लागि, त्यस्तो व्यवहार हुनलाई रोकथाम गर्नको लागि र उत्पीडन, दादागिरी र भेदभाव पूर्ण व्यवहार भएको विद्यार्थीहरू(हरू)को सुरक्षालाई निश्चित गर्नको लागि कुनै पनि प्रतिकूल वातावरणलाई निर्मूल पार्नको लागि मनासिब तवरले सुनियोजित कारबाही(हरू) गर्नु आवश्यक हुन्छ ।
- उत्पीडन, दादागिरी र भेदभाव पूर्ण व्यवहारको लागि गरिएको अनुसन्धानमा सहयोग पुऱ्याउने वा रिपोर्ट गर्ने कुनै पनि व्यक्तिको विरुद्धमा लिइन सक्ने प्रतिशोधलाई निषेध गर्ने;
- उत्पीडन, दादागिरी र भेदभाव पूर्ण व्यवहारलाई रोकथाम गर्नको लागि एउटा विद्यालयको रणनीति विकास गर्ने;
- उत्पीडन, दादागिरी र भेदभाव पूर्ण व्यवहारसँग सम्बन्धित रहेको तथ्याङ्कको सम्बन्धमा विद्यायको नेतृत्वले अधीक्षकलाई नियमित रिपोर्ट गर्न आवश्यक हुन्छ ;
- विद्यालयको प्रशासकहरू वा पदाधिकारी (हरू)ले तत्काल स्थानीय कानुन लागु गर्ने अधिकारीहरूलाई उत्पीडन, दादागिरी र/अथजा भेदभाव पूर्ण व्यवहारबारे त्यसो गर्न आवश्यक भएको खण्डमा सूचित गर्नु आवश्यक हुन्छ;
- विद्यालयका सबै कर्मचारीहरू विद्यार्थीहरू र मातापिताहरूले उत्पीडन, दादागिरी र भेदभाव पूर्ण व्यवहारलाई रिपोर्ट गर्ने कार्यविधि लायत जिल्लाको नीतिहरूको एक प्रति कम्तीमा पनि वार्षिक रूपमा प्राप्त गर्नु आवश्यक छ ;
- एउटा घटना रिपोर्ट फारम लगायत जिल्लाको नीति र कार्यविधिहरूको हालसालको संस्करण जिल्लाको वेभसाईटमा राखिएको निश्चित गर्नु पर्छ ।

विद्यालय/जिल्लाको भूमिमा हुने घटनाहरूबारे रिपोर्टिङ गर्नको लागि कृपया विद्यालय/जिल्लासँग सम्पर्क गरेर जिल्ला र विद्यालयसँग भएको कार्यविधिलाई अनुसरण गर्नु होला।